

व्यथा भित्रको कथा

✍ नरेन रिजाल

(२)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २३४ ❑ २०८३ भाद्र २५ गते बिहीबार ❑ Thursday, 10 Sept. 2026 ❑ मूल्य ७ /-


## सट्टावाजीको आरोपमा तीनजना पक्राउ

**दमक**/ अनलाइन सट्टावाजीको आरोपमा झापाको बिर्तामोडबाट तीनजना पक्राउ परेका छन् ।

आज बिहान ९.३० बजेतिर बिर्तामोड ४ स्थित बृक्ष क्याफेबाट उनीहरु पक्राउ परेका हुन् । पक्राउ पर्ने युवाहरुको परिचय खुलाइएको छैन । उनीहरुलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय लगिएको छ । पक्राउ परेका युवाहरुको बारेमा अनुसन्धान भइरहेको र अनुसन्धानपछि प्रेस विज्ञप्ति जारी गरिने जिल्ला प्रहरी कार्यालयका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक मुन्नाकुमार अधिकारीले बताए ।

बिर्तामोडमा गैरकानुनी रुपमा अनलाइन जुवा खेलाउनेहरुको संख्या बढ्दै गएको छ । तीन महिनाअघि पनि बिर्तामोडमा अनलाइन सट्टाबाजीको आरोपमा दुईजना युवक पक्राउ परेका थिए ।

## गाँजासहित ट्रक नियन्त्रणमा

**दमक**/ कोशी राजमार्गमा पर्ने धनकुटाको साँगुरीगढी गाँउपालिका-७ स्थित फेदीस्थितबाट प्रहरीले ठुलो परिमाणमा गाँजासहित ट्रक नियन्त्रणमा लिइएको छ ।

मंगलबार राति करिब ११ बजे चेकजाँच गर्ने क्रममा ट्रकबाट एक हजार दुई सय ४० केजी गाँजासहित ट्रक नियन्त्रणमा लिइएको हो । धनकुटाबाट भेडेटारतर्फ जाँदै गरेको ना ४ ख ५२७ नम्बरको ट्रक शंका लागेर चेकजाँच गर्न प्रहरीले

बाँकी ४ पेजमा ▸▸

### विपद्सँग लड्न अन्तर्राष्ट्रिय समुदायमाथि दबाब र सहयोग आवश्यक

## "जलवायु न्यायको लडाइँ सजिलो छैन"

✍ पूर्वसन्देश समाचार



**दमक**/ रास्वपा सभापति रवि लामिछानेले रसुवा बाढीपछिको विपद्को अवस्थासँग लड्न अन्तर्राष्ट्रिय समुदायमाथि दबाब सिर्जना गर्नुपर्ने र सहयोग पनि लिनुपर्ने बताएका छन् । बुधबार सभापति रवि लामिछानेले संसद् बैठकमा सम्बोधन गर्दै यस्तो बताएका हुन् । उनले नेपाल आन्तरिक रूपमा बलियो हुनुपर्ने र अन्तर्राष्ट्रिय समुदायसमक्ष के राख्ने भनेर एकतावद्ध हुनुपर्नेमा जोड दिएका छन् ।

'अब हामीले लड्नुपर्ने जलवायु न्यायको लडाइँ सजिलो छैन । यो लडाइँ नलडी र नजिती हामी आफूलाई जोगाउन सक्दैनौँ,' प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भने, 'त्यसैले आजको आवश्यकता आरोप-प्रत्यारोप होइन, यो राष्ट्रिय पीडालाई राष्ट्रिय शक्तिमा बदल्नु हो । यो समय एकअर्काविरूद्ध होइन, संसारसँग एउटै स्वरमा एउटै प्रश्न गर्ने समय हो ।'

उनका अनुसार नेपालसँग एउटै विकल्प छ, आँसु पुछेर फेरि उभिनु छ । गुमाएकाहरूको पीडालाई शक्ति र उनीहरूको बलिदानलाई संकल्प बनाउनु छ । नेपालले यसपालिको विपत्तिको घाउमा मात्र मल्हम लगाएर पुग्दैन । राहत र पुनर्निर्माणमा मात्र सीमित भएर पनि पुग्दैन । विपत्तिको जरासम्म पुग्नुपर्छ । किनकि, यो केवल एउटा प्राकृतिक विपत्ति होइन, जलवायु परिवर्तनले गहिरिँदै गएको संकटको कठोर परिणाम हो । यसकारण जलवायु न्यायको लडाइँ लड्नु छ ।

त्यसका लागि सरकारले विभिन्न देशका सरकारहरूसँग समन्वय गरिरहेको छ र थप गर्ने विश्वास व्यक्त गर्दै उनले भने, 'हामीले बुझेकै छौं, सरकारको कूटनीतिको आˆनै सीमा र दायरा हुन्छ । राष्ट्रहरूबीचको सम्बन्ध र अन्तर्राष्ट्रिय निर्णयहरूलाई सरकारहरूले मात्र दिशा दिँदैनन् । विश्वका जनप्रतिनिधिहरु, संसदहरु र जनमतले पनि अन्तर्राष्ट्रिय नीति र निर्णय निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् ।'

यो विषयमा संसद्ले पनि आˆनो विशिष्ट भूमिका निर्वाह गर्नुपर्ने उनको आग्रह छ ।

लामिछाने भन्छन्, 'सरकारले विश्वका सरकारहरूसँग संवाद गरिरहँदा नेपालको संसद्ले विश्वभरिका संसद् र जनप्रतिनिधिहरूसँग संवाद गर्नुपर्छ । सरकारले आˆनो कूटनीतिक पहल अगाडि बढाइरहँदा हामीले पनि संसदीय कूटनीतिको एउटा नयाँ र ऐतिहासिक अध्याय सुरू गर्नुपर्छ ।'

संसद्मा उनले प्रधानमन्त्री बालेन शाह संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाँदै गरेको स्मरण गरे । 'अबको केही दिनमा प्रधानमन्त्रीको नेतृत्वमा नेपालको

बाँकी ४ पेजमा ▸▸

## सबै ग्यास उद्योगको लाइसेन्स खारेज गर्नुपर्छ : मन्त्री यादव

**दमक**/ ग्यास उद्योगीहरूले कृत्रिम अभाव सिर्जना गरी राज्यलाई नै अटेरी गरेको भन्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले देशमा सञ्चालित सबै ५८ वटै ग्यास उद्योगको लाइसेन्स खारेज गर्नुपर्ने बताएकी छिन् ।

बुधबार संघीय संसदअन्तर्गतको उद्योग समितिको बैठकमा बोल्दै मन्त्री यादवले असहयोग भएको भन्दै आवश्यक परे हाल सञ्चालनमा रहेका ५८ वटै ग्यास उद्योगको लाइसेन्स खारेज गर्नुपर्ने अवस्था आएको बताएकी हुन् ।

बैठकमा मन्त्री यादवले पैसा तिरेर पनि जनताले ग्यास नपाउनु देशकै लागि लज्जाजनक विषय भएको बताइन् । उनले ग्यास उद्योगीले सरकार र आयल निगमलाई टेर्न छाडेको आरोप लगाइन ।

'हाम्रो जस्तो देशमा दुईवटा भन्दा बढी ग्यास उद्योग चाहिएकै छैन, धेरैमा दुईटा भए पुग्छ, सबै खारेज गर्नुपर्छ,' मन्त्री यादवले भनिन्, 'मैले पनि हात जोडेरै सबैलाई भनेको छु कि ग्यासको आपूर्ति सहज बनाइदिनुस्, सबै उद्योगीलाई राखेर हात जोड्दा पनि नहुँदो रहेछ ।'

मन्त्री यादवले काठमाडौं उपत्यकाका लागि पठाइएका ग्यास सिलिन्डर बजारमा नपुगी बाटैबाट गायब हुने गरेको पनि बताइन् । 'हिजोअस्ति ४८ हजार सिलिन्डर हामीले काठमाडौं पठाएका छौं, तर यहाँ १९-२० हजार भन्दा बढी कसैले पाएको छैन, कहाँ गयो त्यो सिलिन्डर ? कसैलाई केही थाहा छैन,' उनले भनिन्, 'माग्दा पनि दिँदैनन्, आयल निगमले १० चोटी पत्राचार गरेको होला तर एकचोटी पनि दिएको छैन, के यसमा आयल निगमको मिलोमतो छ कि सरकारको मिलोमतो छ ?'

हाल साल्ट ट्रेडिङको २० प्रतिशत हिस्सासहित नेपालमा ५८ वटा निजी ग्यास उद्योग सञ्चालनमा छन् । तर, संकटको बेला उनीहरूले सहयोग नगरेको मन्त्री यादवको आरोप छ ।

'५८ वटा ग्यास उद्योगले ३/३ हजारका दरले हरेक दिन काठमाडौंमा सिलिन्डर पठाइदिएको भए आज यो स्थिति आउने थिएन, पैसा तिरेर पनि मान्छेले सामान पाउँदैन भने कस्तो देश होला भनेर लाज लाग्छ,' उनले भनिन् ।

## बीपी जयन्तीमा दमक कांग्रेसको स्मृति सभा तथा सामाजिक सेवा




**दमक**/ नेपाली कांग्रेस दमक नगर समितिले नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा महामानव बी.पी. कोइरालाको ११२औं जन्मजयन्तीको अवसरमा स्मृति सभा तथा सामाजिक सेवा कार्यक्रम सम्पन्न गरेको छ । नगर कार्यवाहक सभापति प्रेम भट्टराईले अध्यक्षता गरेको सो कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य हिमाल कर्माचार्यको प्रमुख आतिथ्यता रहेको थियो । नगर सचिव रामचन्द्र अधिकारीले सञ्चालन गरेको सो कार्यक्रममा सभाध्यक्ष, प्रमुख अतिथि तथा अन्य अतिथिहरूले बी.पी. कोइरालाको तस्बिरमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गरेका थिए ।

नगर उपसभापति सागर खनालले स्वागत मन्तव्य राखेको कार्यक्रममा वडा नं. ४ का सभापति राजेन्द्र सिटौला, क्षेत्रीय समिति कार्यवाहक सभापति तथा प्रदेश सभा 'ख' का सभापति रवि न्यौपाने, नेपाल महिला संघकी केन्द्रीय सदस्य मन्दरा चिमरिया पौडेल, दमक नगर उपप्रमुख रेगिना भट्टराई प्रसाईं, संविधानसभा सदस्य विश्वदीप लिङ्देन र जिल्ला उपसभापति शेरबहादुर भट्टराईलगायतले बी.पी. कोइरालाको राजनीतिक योगदान, लोकतन्त्र र राष्ट्रिय राजनीतिमा उहाँले पुऱ्याएको योगदानबारे चर्चा गरेका थिए। प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य हिमाल कर्माचार्यले पनि बी.पी.का विचार र योगदानमाथि प्रकाश पारेका थिए ।

स्मृति सभासँगै कांग्रेस दमक नगर समितिले सामाजिक सेवाका कार्यक्रमसमेत सञ्चालन गरेको छ । समितिले दमक-४ स्थित वशिष्ठ गुरुकुलका विद्यार्थीहरूलाई खाद्यान्न वितरण गरेको छ । त्यसैगरी नेपाल महिला संघकी केन्द्रीय सदस्य मन्दरा चिमरिया पौडेलले आफ्ना स्वर्गीय छोरा खगेन्द्र पौडेलको स्मृतिमा अक्षय कोष स्थापना गर्न १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग प्रदान गरेकी छन् ।

कार्यक्रमअन्तर्गत दमक-४ जनचेतना टोलमा आगलागीबाट घर क्षति भएकी भीमा कार्की बारकोटीको घर पुनर्निर्माणका लागि ११ हजार आर्थिक सहयोग प्रदान गरिएको छ । कार्यक्रमको अन्त्यमा अध्यक्ष तथा नगर कार्यवाहक सभापति प्रेम भट्टराईले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम औपचारिक रूपमा समापन गरेका थिए । बी.पी. जयन्तीलाई केवल स्मरणमा सीमित नराखी उहाँका लोकतान्त्रिक विचार र सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्ने उद्देश्यले स्मृति सभा र सामाजिक सेवाका कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ ।


## वीपी जयन्तीमा कार्यक्रम

**दमक**/ जयनायक वी.पी. कोइरालाको जन्मजयन्तीको अवसर पारेर देशभर विविध कार्यक्रम सम्पन्न भएको छ । नेपाली राजनीति र साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका नेता कोइरालाको जन्मजयन्तीको अवसर पारेर विचार गोष्ठी, रक्तदान, बृक्षरोपण, सहयोग लगायतका विविध सामाजिक कार्यक्रम सम्पन्न भएका हुन् । यसै दिवसको अवसर पारेर वी.पी. स्मृति प्रतिष्ठान झापाले भद्रपुर-१० स्थित वी.पी. कोइरालाको शालिक परिसरमा विचार गोष्ठी सम्पन्न गरेको छ ।

वी.पी. कोइरालाको शालिकमा माल्यार्पण गरेर शुरु भएको कार्यक्रममा प्रमुख अतिथि एवं नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले वी.पी. कोइरालाको समाजवादी सिद्धान्तका बारे चर्चा गरे । राजनीतिक, शैक्षिक र सामाजिक परिवर्तनका लागि कोइरालाले खेलेको भुमिकाको चर्चा गर्दै उनले २०१५ सालमा मन्त्रीमण्डल गठन गर्दा नै जात-जाति, भूगोल, लिंग, वर्ग सबैको

बाँकी ४ पेजमा ▸▸

## 'पार्टीभित्रका असन्तुष्टिबारे संवादबाटै निकास खोज्छौँ'



**दमक**/ नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले पार्टीभित्र देखिएका आन्तरिक विवाद र मतभेदका विषयलाई संवादको माध्यमबाट समाधान गरिने बताएका छन् । नेपाली कांग्रेस भक्तपुरले बुधबार आयोजना गरेको कार्यक्रममा देउवाले लोकतान्त्रिक अभ्यासमा आन्तरिक बहस र फरक मत हुनु स्वाभाविक भएको बताए ।


देउवाले भने- 'पार्टीभित्र सानातिना मतभेद हुनु सामान्य हो, तर तिनलाई लिएर विवाद गरिरहनु हुँदैन । हामी सबैको साझा उद्देश्य पार्टीलाई थप सशक्त बनाउने हो। त्यसका लागि म सम्बन्धित पक्षहरूसँग छलफल गरी विवाद हल गर्न तयार छु ।'

उनले कांग्रेसलाई एकताबद्ध बनाएर अघि बढाउनु अहिलेको आवश्यकता भएको भन्दै कार्यकर्ताहरूलाई संयमित रहन आग्रह गरे । 'पार्टीभित्रको विवाद समाधान गर्न हामी संवादको बाटो अपनाउँछौँ। म सबै साथीहरूलाई आग्रह गर्छु- आन्तरिक समस्यालाई पार्टीभित्रै बसेर छलफल गरी टुंग्याउनुपर्छ,' देउवाले भने ।

पार्टीभित्रको असन्तुष्ट पक्षलाई सम्बोधन गर्दै देउवाले भने 'म सबैको कुरा सुन्न तयार छु । कांग्रेसका साथीहरूको भावना बुझेर म अगाडि बढ्नेछु । विवादले कसैलाई फाइदा गर्दैन, त्यसैले सबै समस्यालाई छलफल र सहमतिका आधारमा हल गर्ने मेरो प्रतिबद्धता छ ।'

सभापति देउवाले लोकतान्त्रिक पार्टीमा मतभेद हुनु र त्यसलाई व्यवस्थापन गर्दै अघि बढ्नु नै पार्टीको शक्ति भएको भन्दै आन्तरिक विवादलाई छिट्टै समाधान गरी पार्टीलाई थप सुदृढ बनाउने बताए ।

## पाँचथर-तेह्रथुम जोड्ने पुल जोखिममा



*फिदिम/ मध्यपहाडी राजमार्ग अन्तर्गत पाँचथर र तेह्रथुम जोड्ने मोटरेबल पुल नदी कटान र बाढीका कारण जोखिममा परेको छ । पुलको पाँचथरतर्फको भाग ढुङ्गा, बालुवा र लेदोले पुरिँदै गएको छ भने तेह्रथुमतर्फ नदीले पुलको जग आसपास निरन्तर कटान गरिरहेको छ । पुलको मध्यभागमा पानीको बहाव बढ्दा नदी गहिरिने र बाढीका बेला ढुंगा, गिट्टी तथा बालुवाले नदीको सतह पुरिने गरेका कारण पिल्लरसमेत जोखिममा परेका छन् ।*

*पुलआसपास नदीजन्य पदार्थ उत्खनन गर्ने क्रम नरोकिएकाले जोखिम थप बढेको स्थानीयको भनाइ छ । स्थानीय राम माझीका अनुसार पुलको एकातर्फ जग पुरिँदै गएको छ भने अर्कोतर्फ नदी कटान तीव्र भइरहेका बेला दायाँबायाँ एक्साभेटर प्रयोग गरेर ढुंगा, गिट्टी र बालुवा उत्खनन गरिन्छ ।*

*माझीले भने-"पुल वारि जग पुरिनुका साथै पारिपट्टिको भाग नदीले तीव्र रूपमा कटान गरिरहेको छ । यस्तो अवस्थामा पनि पुलको दायाँबायाँ एकसाभेटर लगाएर उत्खनन हुने गर्छ ।"*

*पुल संरक्षण र दिगोपनाका लागि संघीय सरकार, पुल सेक्टर आयोजना र सडक डिभिजनसँग बजेट व्यवस्थापनको माग गरिए पनि सुनुवाइ नभएको तेह्रथुमको आठराई गाउँपालिकाका अध्यक्ष दिलकुमार पाहिमले बताए । हेवाखोलातर्फ भने सडक डिभिजन इलामले बाँध बाँधेर कटान*

बाँकी ४ पेजमा ▸▸




# सम्पादकीय

## जापानिज इन्सेफ्लाइटिसको जोखिम

झापामा जापानिज इन्सेफ्लाइटिस (जेई) सङ्क्रमणका कारण छ जनाको मृत्यु र १३ जनामा पुष्टि भएको खबरले जिल्लामा जनस्वास्थ्यको गम्भीर संकट उत्पन्न भएको देखाउँछ। कूल पुष्टि भएका बिरामीमध्ये झन्डै आधाको मृत्यु हुनुले यो रोगको घातक स्वरुपलाई प्रस्ट पार्छ । यस्तो अवस्थामा आगामी असोज ५ देखि १९ गतेसम्म सञ्चालन हुन लागेको खोप अभियान अत्यन्तै सामयिक र सराहनीय कदम हो ।

३० वर्षमाथिका करिब चार लाख ९३ हजार नागरिकलाई लक्षित गरी १५ वटै पालिकामा खोप पुर्‍याउने लक्ष्य आफैँमा चुनौतीपूर्ण छ । अझ सबैभन्दा बढी प्रभावित मेचीनगरबाट अभियान सुरू गरी प्रत्येक वडामा खोप केन्द्र स्थापना गर्ने योजनाले स्थानीय स्तरमै पहुँच बढाउन मद्दत पुर्‍याउनेछ । महिला स्वास्थ्य स्वयंसेविका तथा खोपकर्मीहरुको परिचालनले यस अभियानलाई थप प्रभावकारी बनाउने देखिन्छ ।

यद्यपि, खोप अभियान घोषणा हुनु मात्रै पर्याप्त छैन। खोपका सामान्य असरबारे आम नागरिकमा रहेको भ्रम वा हिचकिचाहट चिर्न व्यापक सचेतना फैलाउनु उत्तिकै आवश्यक छ । खोपको भण्डारण, सुरक्षित ओसारपसार र लक्षित वर्गसम्म सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य कार्यालय झापा र स्थानीय तहहरुबीच बलियो समन्वय हुनुपर्छ ।

जापानिज इन्सेफ्लाइटिसजस्तो घातक रोगबाट जोगिन खोप नै सबैभन्दा अचूक उपाय हो । त्यसैले असोज ५ देखि हुने यस अभियानमा तोकिएको उमेर समूहका सम्पूर्ण नागरिकलाई सहभागी गराई अभियानलाई पूर्ण रुपमा सफल बनाउनु स्थानीय प्रशासन, जनप्रतिनिधि र आम नागरिक सबैको साझा दायित्व हो ।

# व्यथा भित्रको कथा



✍ नरेन रिजाल

**स्वतन्त्रताको नाममा जस्ले जसलाई जे गरे, जे भने पनि हुन्छ ? छाडा प्रकृतिलाई समय मै अंकुस लगाउनु र दण्डको व्यवस्था गर्नु सरकारको कर्तव्य हो । हुन त माननियहरु नै आर्मी, पुलिस हप्काउने, कोहि घिसार्न तयार हुने भने कोही स्थानिय निकायसँग पौठेजोरी खेल्न पुग्छन । यस्तो नाटक के का लागि ? मान्यज्यू संसद संयमता देखाउने ठाउँ हो। नैतिकता देखाउने थलो हो। के यो दिल जीवन हो ? वा रियल जीवन हो ?**

जनइच्छा अनुसार कार्य गर्नु र जनतालाई सर्वोपरि ठानेर शासन सञ्चालन गर्नु नै सफल सरकारको मुल धर्म हो । विगत लामो समय देखि विभिन्न पार्टीका सरकारहरुको शासन सत्ता देख्दै र भोग्दै आएका जनताले कहाँ, कहिले, किन र के का लागि शासन चलेछ, कसरी चलेछ भन्ने कुराको मुल्यांकन गर्दै आएका छन् । त्यसको परिणाम स्वरुप तत्कालिन पार्टी तथा नेताले नतिजा पनि भोगिसकेका छन् । त्यसैले प्रजातान्त्रिक शासन प्रणालीमा जनआकांक्षा विपरित कार्य गरियो भने पार्टी, नेता कसैको पनि अस्तित्व संकटमा पर्नु अस्वभाविक होइन । वर्तमान समयमा नयाँ पार्टीको सरकार छ । यसको कार्यशैलीलाई विगत ५/६ महिनादेखि जनताले नियालिरहेका छन् । यो अवधिमा जनताले प्रत्यक्ष रुपमा महसुस गर्ने र अनुभव गर्ने कार्यहरु के भए अनि के भईरहेका छन् ? सत्तामा आशिन भैसके पछि सरकार सञ्चालनमा विधी, प्रकृया, अनुभव, नैतिकता, सहनसिलता, दुरदर्शिता आदीको खाँचो हुन्छ । त्यसकारण पनि जनताको आशा र भरोसा सरकार हो। हरपल मुल्यांकन जरुरी हुन्छ ।

हालै भोटेकोशीमा भएको भिषण बाढीबाट धेरै धनजनको विनास भएको छ । यस्तो अवस्थामा जनताको अभिभावक सरकार हो । सरकारले अभिभावकत्व निर्वाह गर्नु, समस्यामा परेका सबैलाई समयमा उद्धार गर्नु, राहत वितरण गर्नु, खोजतलास गरि आफन्तजन समक्ष पिडितलाई पुर्‍याउनु जरुरी देखिन्छ । यस्ता कार्यलाई स्टन्टबाजीको रुपमा नलिई मानविय सेवाभावले कार्य गर्नु सरोकारवालाको उत्तरदायित्व र कर्तब्य दुबै हो । तर सरोकारवाला बाट नै लास घर घरमा पुर्‍याउनु अनि फ्रिजमा सजाएर राखुन् भन्ने अभिब्यक्तिले आगोमा घ्यु थपे झै भएन र ? त्यस्ता माननियलाई यस्तो पिडा पर्‍यो भने अरूले यस्तो अभिब्यक्ति ओकल्दा फरक पर्ला कि नपर्ला ? बाढी पिडित बनेका आफन्तजनले सहयोगको अपेक्ष सहित हारगुहार गर्दा सामाजिक सञ्जाल प्रयोगकर्ताको तुच्छ, घृणित, अपशब्द मान्य ज्यूहरूलाई पाच्य हुन्छ ? उनीहरुले सहि लेखे वा बोले जस्तो लाग्छ ? किन, कसरी, के कारण नेपाली समाज दिनानुदिन घृणित, पतित, कृतग्न व्यभिचारी बन्दै गइरहेको छ ? के लोकतन्त्र, गणतन्त्र यहि हो ? स्वतन्त्रताको नाममा जस्ले जसलाई जे गरे, जे भने पनि हुन्छ ? छाडा प्रकृतिलाई समय मै अंकुस लगाउनु र दण्डको व्यवस्था गर्नु सरकारको कर्तव्य हो । हुन त माननियहरु नै आर्मी, पुलिस हप्काउने, कोहि घिसार्न तयार हुने भने कोही स्थानिय निकायसँग पौठेजोरी खेल्न पुग्छन । यस्तो नाटक के का लागि ? मान्यज्यू संसद संयमता देखाउने ठाउँ हो। नैतिकता देखाउने थलो हो। के यो रिल जीवन हो ? वा रियल जीवन हो ? रिल जीवन हो भने २ घण्टामा फिल्म सकिन्छ तर रियल जीवन हो भने मान्यज्यू नीति बनाउनुहोस । कानून बनाउनुहोस । लागु गर्नुहोस । जनतालाई सुसासन दिलाउनुहोस् नकि आपसमा झगडा ।

दुधे बच्ची बलात्कार हुन्छिन्, अनि मारिन्छन् भने सुरक्षित को छ यहाँ ? पहरा दिने मान्छे बलात्कारी बन्छ । अपराधी बन्छ, अनि निर्धक्कसाथ विजयी झै गरेर गर्वसाथ बयान दिन्छ । रत्तिभर पश्चाताप छैन । यसको तात्पर्य सरोकारवालालाई चुनौती दिएको त हैन ? तपाईलाई अरू के भर्नु - बेरोजगार उस्तै छ । भ्रष्टाचार उस्तै छ । आत्महत्या मौलाएकै छ। शिक्षा क्षेत्र लथालिंग छ । महंगी चुलिँदो छ । किसानको कथा, उद्यमीको व्यथा, बेग्लै छ। घिसारेर जेलमा सडाउँछु, भ्रष्टाचारीहरुको खाताको पैसा ल्याएर सयौं सिंहदरबार बनाउँछु भन्ने सरकार के जोखना हेरेर बसेको छ, खै ?

ह्याची चार सन्तानकी आमा हो । सुख दुःख गरेर उसले आफ्ना छाउराहरूलाई पाल्दैछे । दिनभरि आहाराको खोजीमा जान्छे । फर्किदाँ चरा चुरूङ्गी वा जंगली जनावर मारेर छाउरालाई ल्याइदिन्छे । सधैं झै आज पनि ऊ आहाराको खोजिमा बाहिर निस्कि । दिनभरि डुल्दा पनि केहि भेट्न सकिन । साँझपख चारैतिर भौतारिदाँ भौतारिदाँ ऊ भोक प्यासले थकित भई । थकित र निरास भएर घरमा आई । वरिपरि हेरी, कतै केहि पनि भेटीना भोक र प्यासले मर्नु न बाँच्नु भएकी थिई । उता हाउराहरु आमा कहिले आउँछे भनेर कुईकुई गरेर पर्खिरहेका थिए । आमालाई देख्ने बित्तिकै रमाउँदै उनिहरू ऊतिर दगुरे । आमा आमा नै हो, आफ्ना प्यारा छाउराहरूलाई दुध चुसाउन तल्लिन भई । आफू भोकै प्यारै भएर पनि वात्सल्य देखाई । उसलाई पीडा भयो। कष्ट भयो । चारैतिर हेरी । सन्नाटा छाएको छ । उसले सोची, सम्झी । रात बिताउनु छ, छाउरा बन्चाउनु छ । उपाय पनि केहि छैन । अनायास उसको मन एउटा उपाय खेल्छ । भोक मेटाउनु छ । यिनै छाउरालाई खाएर भोक टार्नु पर्‍यो । ऊ आफैसँग सुतिरहेको एउटा छाउरोलाई कोपर्न थाल्छे । । छाउरो कुईकुई गर्छ। । अगाध माया एकातिर छ भने अर्कातिर ज्यान जान लागि सक्यो । आँखामा बलिन्द्र धारा निकालेर फेरी कोपर्छे । पल्ला घरको दयाबिर यो दृश्य हेरिरहेको थियो । हत्तपत्त उठेर दर्गुदै आयो र ह्याचीको मुख समात्यो, घाँटीमा समातेर तान्यो । उसले जोड गर्‍यो तर छुटाउन सकेन । आफ्ना बलिया हातले माचीको घाँटी अठ्यायो । अड्याईरह्यो । दयाबिर झल्याँस्स बिउँझियो । उसका दुवै हातहरू आफ्नै श्रीमती मखमलीको घाँटीमा बाँधिएका थिए । मखमली निर्जिव, अन्चल र चिसो भैसकेकी थिई । बितेको समय फर्किदैन, त्यसैले विगतको पाठबाट वर्तमानमा जीउनु पर्छ। वर्तमानको निर्णयले भविश्य अन्धकार नबनोस् । बलियो छु भनेर गलत निर्णय गर्नु मुर्खता हो । सरकार, जनतालाई विकास, शुसासन चाहिएको छ । सरकार अभिभावक हो, घाँटी अठ्याए पनि, अमृत पिलाए पनि । आफुले खनेको खाडलमा आफैं पर्नु शोभायमान हैन र हुँदैन ।

*- दमक, झापा*

## बाढीको पानी घट्यो, पीडा घटेन

◆ शिवप्रसाद खकुरेल र कृष्णप्रसाद नेपाल

नुवाकोट । बाढीको पानी घटिसकेको छ, तर नुवाकोटका प्रभावित बस्तीमा विपत्तिको पीडा अझै उस्तै छ । घरआँगनमा थुप्रिएको हिलो, भत्किएका संरचना, क्षतिग्रस्त सडक र खेतबारीमा जमेको लेदोले केही दिनअघिको बाढीको भयावहता सम्झाइरहेको छ । कतिपय परिवारको घर बस्नै नमिल्ने भएको छ भने खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा र दैनिक उपभोगका सामग्री बाढीले नष्ट गरेको छ ।

२०८३ भदौ १५ गते बाढी तथा पहिरो प्रभावित नुवाकोटका विभिन्न क्षेत्रमा पुग्दा प्रभावित नागरिकको अवस्था, राहत तथा पुनःस्थापनाको स्थिति र विपद्का बेला नागरिकका न्यूनतम मानव अधिकारको अवस्थाबारे बुझ्ने प्रयास गरियो । स्थलगत दृश्य र नागरिकसँगको कुराकानीले विपत्तिको असर भौतिक क्षतिमा मात्र सीमित नरहेको देखायो । घरसँगै जीविकोपार्जनको आधार गुमाएका परिवारमा भविष्यप्रतिको चिन्ता र फेरि बाढी आउने त्रास पनि उत्तिकै गहिरो छ ।

कृषिमा निर्भर परिवारका बाली र कृषि सामग्री बगेका छन् । पशुचौपायामा क्षति पुगेको छ । व्यापार, व्यवसाय तथा उद्योगमा निर्भर परिवारले आयआर्जनको आधार गुमाएका छन् । क्षतिग्रस्त सडकका कारण आवतजावत कठिन हुँदा प्रभावित क्षेत्रमा आवश्यक सामग्री पुर्‍याउनसमेत चुनौती देखिएको छ ।

केही परिवारले खाद्यान्न, लत्ताकपडालगायत राहत सामग्री पाए पनि तत्कालीन राहतले मात्र समस्या समाधान हुँदैन । प्रभावित नागरिकलाई सुरक्षित आवास, स्वच्छ खानेपानी, स्वास्थ्य सेवा, सरसफाइ, शिक्षा र जीविकोपार्जनको आवश्यकता छ । घर गुमाएका परिवारलाई अस्थायी आश्रयबाट सुरक्षित र सम्मानजनक आवासमा फर्काउने दीर्घकालीन योजना आवश्यक देखिन्छ ।

विपद्को असर सबै नागरिकमा समान हुँदैन । बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा आर्थिक रुपमा कमजोर परिवार थप जोखिममा पर्छन् । त्यसैले राहत र पुनःस्थापनामा उनीहरूलाई विशेष प्राथमिकता दिनुपर्छ । सुरक्षित आवास, खाद्य सुरक्षा, स्वास्थ्य, खानेपानी र शिक्षामा पहुँच विपद्का बेला पनि नागरिकका आधारभूत अधिकार हुन् ।

प्रभावित नागरिक केवल राहतका 'लाभग्राही' होइनन् । उनीहरु आ ँ नो पुनःस्थापना र पुनर्निर्माणसम्बन्धी निर्णय प्रक्रियामा सहभागी हुने अधिकार भएका नागरिक हुन् । उनीहरुको आवश्यकता, सुझाव र प्राथमिकताका आधारमा योजना बनाउनु राज्यको दायित्व हो ।

अब ध्यान तत्कालीन राहतबाट दीर्घकालीन पुनःस्थापनातर्फ केन्द्रित गर्न आवश्यक छ । क्षतिको यथार्थ विवरण संकलन, वास्तविक पीडितको पहिचान, पारदर्शी राहत वितरण, सुरक्षित आवास निर्माण र जीविकोपार्जन पुनःस्थापनासँगै जोखिमयुक्त बस्तीको पहिचान, जोखिम नक्सांकन, पूर्वसूचना प्रणाली र विपद्पूर्व तयारीलाई प्राथमिकता दिनुपर्छ । यसका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय अपरिहार्य छ ।

भत्किएका घर र सडक पुनर्निर्माण गर्न सकिन्छ, तर त्यसका लागि राज्यको प्रभावकारी उपस्थिति, पर्याप्त स्रोत र संवेदनशीलता आवश्यक हुन्छ । बाढी प्रभावित रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा नागरिकलाई राहत मात्र होइन, सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै सुरक्षित आवास, स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा र जीविकोपार्जनसहितको दिगो पुनःस्थापना अबको प्राथमिकता बन्नुपर्छ ।

# जेन्जी आन्दोलन : आक्रोशबाट निर्माणतर्फ



✍ चिरन न्यौपाने

**जेन्जी आन्दोलनले एउटा कुरा स्पष्ट गर्‍यो–नयाँ पुस्ता अब भाषण र आश्वासनमा मात्र विश्वास गर्दैन । उसले सोध्छ–'देश कहिले बन्छ?' भन्दा 'किन बन्दैन?', 'रोजगारी कहिले पाइन्छ?' भन्दा 'रोजगारी सिर्जना किन हुँदैन?' र 'कुन नेता आउँछ?' भन्दा 'नेतृत्वले परिणाम के दिन्छ ?' यी प्रश्न केवल युवाका प्रश्न होइनन्, राज्यको कार्यक्षमता र राजनीतिक संस्कारमाथिका प्रश्न हुन् । तर आन्दोलनले प्रश्न गरिसकेपछि अब उत्तर दिने जिम्मेवारी पनि हाम्रो हो ।**

एक वर्षअघि सडकमा देखिएको जेन्जी अर्थात् नवयुवाको आन्दोलनलाई केवल सरकारविरोधी प्रदर्शन वा एउटा राजनीतिक घटनाका रुपमा बुझ्नु पर्याप्त हुँदैन । त्यो राज्यप्रति, शासन प्रणालीप्रति, राजनीतिक नेतृत्वप्रति र आफ्नै भविष्यप्रति नयाँ पुस्तामा लामो समयदेखि जम्मा हुँदै आएको असन्तुष्टिको विस्फोट थियो । रोजगारीको अभाव, अवसरको कमी, भ्रष्टाचारप्रतिको आक्रोश, राजनीतिक नेतृत्वप्रतिको अविश्वास, सार्वजनिक सेवाप्रतिको निराशा र भविष्यप्रतिको अन्योलले त्यसको पृष्ठभूमि तयार गरेको थियो । त्यसैले जेन्जी आन्दोलनलाई एउटा घटनामा सीमित गर्नु भनेको त्यसले दिएको मूल सन्देशलाई बेवास्ता गर्नु हो ।

जेन्जी आन्दोलनले एउटा कुरा स्पष्ट गर्‍यो–नयाँ पुस्ता अब भाषण र आश्वासनमा मात्र विश्वास गर्दैन । उसले सोध्छ–'देश कहिले बन्छ?' भन्दा 'किन बन्दैन?', 'रोजगारी कहिले पाइन्छ?' भन्दा 'रोजगारी सिर्जना किन हुँदैन?' र 'कुन नेता आउँछ?' भन्दा 'नेतृत्वले परिणाम के दिन्छ?' यी प्रश्न केवल युवाका प्रश्न होइनन्, राज्यको कार्यक्षमता र राजनीतिक संस्कारमाथिका प्रश्न हुन् । तर आन्दोलनले प्रश्न गरिसकेपछि अब उत्तर दिने जिम्मेवारी पनि हाम्रो हो ।

परिवर्तनको माग गर्नु र परिवर्तनलाई संस्थागत गर्नु फरक कुरा हो । सरकार परिवर्तन गर्न सकिन्छ, नेतृत्व परिवर्तन गर्न सकिन्छ, राजनीतिक समीकरण बदल्न सकिन्छ । तर प्रशासनिक संस्कार, राजनीतिक संस्कृति र आर्थिक संरचना बदल्न समय लाग्छ । त्यसैले आन्दोलनका मागलाई नारामा होइन, नीति र व्यवहारमा रुपान्तरण गर्नुपर्छ । एक वर्षपछि पनि युवाका मूल प्रश्नहरु ज्यूँका त्यूँ छन् भने हामीले आत्मसमीक्षा गर्नैपर्छ । रोजगारी, शिक्षा, उद्यमशीलता, सुशासन, भ्रष्टाचार नियन्त्रण र राजनीतिक जवाफदेहिताको प्रश्न अझै राष्ट्रिय बहसको केन्द्रमा छन् । यसको अर्थ आन्दोलन असफल भयो भन्ने होइन; बरू यसले उठाएका प्रश्न कति गहिरा थिए भन्ने हो ।

जेन्जी आन्दोलनले पुस्ताबीचको सोचको दूरी पनि सतहमा ल्यायो । अघिल्लो पुस्ताले अभाव, संघर्ष र सीमित अवसरको समय देख्यो भने नयाँ पुस्ता सूचना प्रविधि र विश्वव्यापी अवसरको युगमा हुर्किएको छ । पुरानो पुस्ता भन्छ–'हामीले दुःख गरेर यहाँसम्म ल्यायौँ ।' नयाँ पुस्ता भन्छ–'अब हामी अझ राम्रो बनाउन चाहन्छौँ ।' दुवै गलत होइनन् । समस्या पुस्ताबीचको फरक सोचमा होइन, एकअर्कालाई बुझ्न नसक्नुमा छ । त्यसैले पुरानो पुस्तालाई असान्दर्भिक र नयाँ पुस्तालाई अपरिपक्व घोषणा गर्नु दुवै गलत हुन्छ । पुरानो पुस्तासँग अनुभव छ, नयाँ पुस्तासँग ऊर्जा र नयाँ दृष्टिकोण । नेपाललाई दुवै चाहिन्छ ।

आन्दोलनले युवाको शक्ति देखाइसकेको छ । अब राज्यले युवाको क्षमता उपयोग गर्ने वातावरण बनाउनुपर्छ । युवालाई केवल चुनावी भीड वा सामाजिक सञ्जालको शक्ति होइन, नीति निर्माण र नेतृत्वको साझेदार बनाउनुपर्छ । विदेश जाने युवालाई देशभक्तिको उपदेश दिएर रोक्न सकिँदैन; स्वदेशमै सम्मानजनक रोजगारी, उद्यम र अवसर सिर्जना गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण भाषणको विषय होइन, संस्थागत सुधारको विषय बन्नुपर्छ । राजनीतिक दलहरुले पनि आत्मसमीक्षा गर्नुपर्छ । युवालाई चुनावका बेला सम्झिने र निर्णयका बेला बिर्सिने प्रवृत्ति अन्त्य हुनुपर्छ । नेतृत्वको मूल्यांकन उमेर, गुट र पहुँचले होइन, क्षमता, इमानदारी र परिणामले गर्ने संस्कार बसाल्नुपर्छ ।

हामी अझै 'को दोषी?' भन्ने बहसमा अल्झिरहने हो भने अर्को पुस्ताले पनि यही प्रश्न बोकेर सडकमा आउनुपर्नेछ । त्यसैले अब प्रश्न बदलौँ–कसको सरकार? भन्दा कस्तो शासन? कुन पार्टी? भन्दा कस्तो राजनीतिक संस्कार? कुन नेता? भन्दा कस्तो नेतृत्व? र को सही? भन्दा देशलाई सही दिशामा कसरी लैजाने ?

जेन्जी आन्दोलनको एक वर्षलाई उत्सव वा शोकको दिनमा सीमित गर्नु हुँदैन । यो आत्मसमीक्षाको अवसर हो । त्यो आन्दोलन युवाको आक्रोश थियो भने अब हाम्रो जिम्मेवारी त्यसलाई आशामा बदल्नु हो–असन्तुष्टिलाई सुधारमा, विरोधलाई नीतिमा र युवाको ऊर्जालाई निर्माणमा बदल्नु हो । आन्दोलनको सबैभन्दा ठूलो सफलता अर्को आन्दोलन आवश्यक नपर्ने राज्य निर्माण हुनु हुनेछ–जहाँ नागरिकले प्रश्न गर्दा राज्यले सुन्छ, युवा अवसर खोज्दा विदेश नै जानुपर्ने बाध्यता हुँदैन र नेतृत्वले आश्वासन होइन, परिणाम दिन्छ ।

## भोटेकोशी बाढी प्रभावित क्षेत्रमा विद्युत् जडान

दमक/ रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण अवरूद्ध बनेको विद्युत् सेवा पुनः सञ्चालन गर्ने कामले तीव्रता पाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार गत भदौ १० गतेको बाढीलगत्तै सम्भव भएसम्मका सम्पूर्ण स्रोतसाधन र जनशक्ति परिचालन गरी प्रभावित क्षेत्रमा विद्युतीकरण अघि बढाइएको हो । बाढीले विद्युत् पूर्वाधारमा ठूलो क्षति पुर्‍याएपछि मन्त्रालयले वैकल्पिक उपाय अपनाएर सेवा सुचारू गराइरहेको छ ।

यसै क्रममा मंगलबार बाढीप्रभावित नुवाकोटको विदुर नगरपालिका-१० र ११ मा विद्युत् सेवा पुनः सञ्चालन गरिएको छ । हालसम्म रसुवामा करिब ८३ प्रतिशत र नुवाकोटमा करिब ९५ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको मन्त्रालयले जनाएको छ । तत्काल विद्युत् लाइन पुर्‍याउन नसकिएका स्थानमा भने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत सामुदायिक आश्रयस्थलका लागि दुई किलोवाट क्षमताका सोलार प्रणाली र घरपरिवारका लागि व्यक्तिगत सोलार वितरण गर्ने कार्य सुरू गरिएको छ । नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका प्राविधिक टोलीहरु प्रभावित क्षेत्रमा निरन्तर खटिरहेका छन् ।

## हतुवागढीले जुटायो २४ लाख ५३ हजार सहयोग

भोजपुर/ भोजपुरको हतुवागढी गाउँपालिकाले भोटेकोशीमा बाढीबाट प्रभावित भएका नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग गर्ने भएको छ । गाउँपालिकाले रू २४ लाख ५३ हजार ५०४ बराबरको सहयोग प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने भएको हो । स्थानीय सरकार, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले उक्त सहयोग संकलन गरेका हुन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाका अनुसार संकलित रकममध्ये सबैभन्दा ठुलो हिस्सा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुबाट प्राप्त भएको छ । पालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीबाट रू १६ लाख दुई हजार ७७७ जुटेको छ । यसैगरी, गाउँपालिकाका कर्मचारीबाट रू छ लाख ७१ हजार १२७, जनप्रतिनिधिबाट रू ७९ हजार र गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रू एक लाख गरी कुल रू २४ लाख ५३ हजार ५०४ बराबरको सहयोग जुटेको प्रमुख प्रशासकीय अधिकृत निरौलाले जानकारी दिए ।

भोटेकोशीका बाढीपीडितलाई सहयोग पुगोस् भन्ने पवित्र भावनाले सहयोग गरिएको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए ।

# दूधे पिंडालु भोजपुरका किसानको आम्दानीको स्रोत बन्दै



दमक/ बाँदरका कारण अन्य बाली जोगाउन धौधौ परिरहेका बेला भोजपुरका किसानका लागि 'दूधे पिंडालु'खेती भरपर्दो र आम्दानीको नयाँ स्रोत बन्न थालेको छ ।

स्वादिलो र पोषणयुक्त मानिने दूधे पिंडालुको स्थानीय बजारमा माग र मूल्य दिनप्रतिदिन बढ्दै गएपछि यहाँका किसान व्यावसायिक खेतीतर्फ आकर्षित भएका हुन् ।

तरकारी र खाजाका रूपमा प्रयोग गरिने भएकाले बजारमा यसको माग बढ्दो छ । हाल भोजपुर सदरमुकामलगायत आसपासका स्थानीय हाटबजारमा यो पिंडालु प्रतिकेजी रू ५० देखि ८० सम्ममा बिक्री भइरहेको भोजपुर नगरपालिका-५ बोखिमका किसान धनबहादुर थापाले बताए ।

बाँदरले क्षति नगर्ने तथा अन्य बालीको तुलनामा कम मेहनत र लगानीमा राम्रो आम्दानी हुने भएपछि पछिल्लो समय किसान पिंडालुखेतीमा जुटेको उनको भनाइ छ ।

राम्रोसँग फस्टाएको एउटै बोटबाट एकदेखि तीन केजीसम्म पिंडालु उत्पादन हुन्छ, थोरै जमिनबाट पनि राम्रो आम्दानी लिन सकिन्छ । अचेल गाउँमा धेरैजसोले पिंडालुलाई मुख्य वैकल्पिक बालीका रूपमा लगाउन थालेका छन् । जिल्लाका अधिकांश ग्रामीण भेगमा बाँदरको आतंकका कारण मकै, धान, कोदो तथा अन्य बाली जोगाउन किसानलाई निकै सास्ती छ । पिंडालु जमिनमुनि फल्ने बाली भएकाले बाँदरले क्षति पुऱ्याउन सक्दैन ।

बाँदरले नोक्सानी नगर्ने र अन्य जङ्गली जनावरबाट पनि जोगिने भएकाले बाँझो छाडिएका खेतबारीमा किसानले पिंडालु रोप्न थालेको स्थानीय किसान गीता विष्टले बताए । पिंडालुको पात र डाँठ भने बङ्गुरको चारोका रूपमा प्रयोग गरिन्छ । पिंडालुको बोट बंगुरपालन गर्ने किसानले खरिद गरेर लैजाने गरेको उहाँले जानकारी दिए ।

स्थानीय बजारमा ग्राहकले दूधे पिंडालुलाई अर्गानिक र स्वादिलो खाजाका रूपमा रूचाउने गरेको उनको भनाइ छ । बजारसम्म पुऱ्याउँदा सजिलै बिक्री हुने भएकाले किसानलाई बजारीकरणको समस्या नरहेको उनले बताए । बाँदर नियन्त्रण गर्न नसकेर खेतीयोग्य जमिन बाँझै राख्नुपर्ने बाध्यतामा रहेका किसानका लागि दूधे पिंडालुखेती गतिलो विकल्प बनेको छ ।

## रोचक जानकारी

# विवाहपछि युवतीमा आउँछ यस्तो परिवर्तन

दमक/ विवाह यस्तो बन्धन हो जसमा युवतीले आˆनो घर छोडेर नयाँ घरमा बस्नु पर्ने हुन्छ । नयाँ घरको चाल चलन सबैलाई अपनाउनु पर्ने हुन्छ ।

महिलाले विवाहसँग घर मात्रै परिवर्तन गरेका हुँदैनन् सम्बन्ध पनि परिवर्तन भएका हुन्छन् । छोरीबाट बुहारी बनेका हुन्छन् । नयाँ परिवेशमा नयाँ चुनौतीको सामना गर्न परिरहेको हुन्छ । तर तपाईलाई थाहा छ छोरी या युवतीबाट बुहारी बनेपछि महिलामा के परिवर्तन आउँछ । जे सुकै परिवर्तन आएपनि त्यसको सकारात्मक वा नकारात्मक प्रभाव पतिलाई पर्छ ।

**के के परिवर्तन आउँछ त विवाहपछि युवतीमा ?**

**शरीरमा लापरवाही**

विवाह भन्दा पहिला युवतीहरूले आˆनो फिगरलाई विशेष ध्यान दिने गरका हुन्छन् । राम्रो फिगरका लागि खानपानमा पनि विशेष ध्यान दिएका हुन्छन् । तर विवाह पछि उनीहरूको ध्यान अन्तै केन्द्रित हुन जान्छ । उनीहरू विवाह भन्दा पहिला शरीरलाई स्फूर्त राख्नका लागि निकै मिहेनत गर्छन् तर विवाह पछि कसलाई देखाउनु छ र ? भन्दै वेवास्ता गर्छन् ।

**कामको चाप**

विवाह भन्दा पहिला घरमा सबै काम गर्ने युवती विवाह गरेपछि केही अल्छि हुन्छन् । उनीहरूको लागि विवाह गरेर गएको घरमा काम गर्ने मानिसको सहायता चाहिनेसमेत हुन जान्छ ।

**हिसाब किताब**

विवाह भन्दा पहिला घरायसी खर्चमा कुनै वास्ता नराख्ने युवती विवाह गरेर गएपछि भने आर्थिक कारोबारमा सक्रिय बन्न खोज्छन् । विवाह भन्दा पहिला बैंकमा खाता नहुने र खोल्ने आवश्यकता नठान्नेहरूले समेत विवाह पछि बैंकमा खाता खोल्छन् भने घरायसी हिसाबकितामा पनि सक्रियता जनाउँछन् । कसले कति खर्च गरो वा किन गरो, पतिलाई खर्च विवरण माग्ने लगायतका काम गर्छन् ।

**आमालाई फोन**

विवाह भन्दा पहिला कतै गएको बेलामा आमाले फोन गरेमा झर्कने छोरीले विवाह गरेपछि आमालाई आफैं फोन गर्छन् भने आमाको फोनको प्रतिक्षा गर्छन् । विवाहपछि आमालाई धेरै महत्व दिने र विवाह गरेर गएको घरको आमा(सासू) र परिवारलाई कम महत्व दिने भएका कारण पनि कयौं घरहरूमा विवाद हुने गरेको छ ।

## पुस्तक-साभार

# सफल वक्ता कसरी बन्ने

✍सं. विनिता पौडेल

## विस्तृत ज्ञान एकत्रित गर्नुस्

क्रमागत...... जोश तथा विश्वास: भाषणको समयमा तपाईं जे बोल्नुहुन्छ त्यो दृढ विश्वास तथा जोशका साथ प्रस्तुत गर्नुस् । विश्वासमा जादू हुन्छ । त्यसैले तपाईंको भाषणको जादुमय प्रभाव मानिसमा पर्ने छ ।

भाषणको मुख्य भाग: भाषणको मुख्य भागमा तपाईले विषय सम्बन्धि ठोस प्रमाण पेश गरेर जनताको दिमागमा आफ्नो विचारको लागि स्थान बनाउनु छ । उचित विषय तथा पर्याप्त ज्ञान हुनाको साथसाथै तपाईंले यो कुरामा पनि ध्यान दिनुपर्छ कि तपाई मंचमा कस्तो देखिनुहुन्छ । साथै यसको ध्यान पनि राख्नुपर्छ कि कतै तपाईंको विषय त छुटिरहेको छैन ।

आँखामा हेर्नुस् भाषण प्रस्तुत गर्दा जनताको आँखामा आँखा जुधाएर हेर्नुपर्छ । यसरी तपाई एक एक गरेर धेरै मानिसलाई केही क्षणको लागि बुझाउन सक्नुहुन्छ । यस्तो गर्नाले तपाईंको विश्वास पनि बढ्ने छ तथा तपाईंलाई थाहा पनि हुनेछैन कि तपाईंको भाषण कहिले सकियो ।

भाषणको अन्त्य : जसरी प्रारम्भमा रोचकताको धेरै महत्त्व छ, त्यसैगरी भाषणको एक रोचक अन्त्य पनि हुनुपर्छ। भाषणको अन्त्यमा मुख्य कुरा दोहो-याउन नबिर्सनुस्, किनकि जब श्रोता संक्षेपमा मुख्य कुरा फेरि सुन्छन् तब ऊ यसलाई धेरै समयसम्म याद राख्न सक्छन् । भाषणको अन्त्यमा श्रोता तथा आयोजकलाई धन्यवाद दिन नभुल्नुस् ।

ओताको विश्वास जीत्नुस् : आफ्नो भाषणको सफलताको लागि तपाईंले श्रोताको मन जीतेर आफ्नो पक्षमा पार्नुपर्छ । यसको लागि तपाईं केही यस्ता खालको वाक्य प्रयोग गर्नसक्नुहुन्छ

**१. तपाईलाई थाहै होला..**

**२. तपाईले देख्नुभयो होला..**

भाषणको समयमा जब कुनै श्रोता बीचमा राम्रो जानकारी दिदै बोल्छ तब तपाईंले यसलाई नराम्रो मान्नु हुँदैन। त्यो समय तपाई भन्न सक्नुहुन्छ कि तपाईं बिल्कुल सही गरिरहनु भएको छ । यस्ता श्रोताको प्रशंसा गर्न नबिर्सनुस्, किनकि यही तपाईंको साँचो साथी हो ।

**स्मृति कस्तो छ ?**

एक सफल वक्ताको लागि आवश्यक छ कि तपाईको स्मृति राम्रो होस्, किनकि यस्तो मानिस नै धेरैभन्दा धेरै जानकारी आफूसँग राख्न सक्छ । कमजोर स्मरणशक्ति भएको मानिस त्यो बिनाकम्पासको समुद्री जहाज कै हुन्छ, जो केही टाढा गएपछि आफ्नो बाटोबाट भौतारिन्छ । त्यसैले एक राम्रो वक्ता बन्नको लागि जरूरी छ कि तपाईको स्मरण पनि उन्नत होस् । यसमा सुधार गर्नको लागि तपाईं शवासन, समाधि तथा चिन्तन आदि गर्न सक्नुहुन्छ । स्मृति बढाउनको लागि अरू पनि उपाय गर्न सकिन्छ । रक्सी आदिको नशाबाट आफूलाई सदैव टाढै राख्नुस् किनकि यसबाट हाम्रो स्नायु तन्त्रलाई पनि नोक्सान पुग्छ तथा यसले हाम्रो स्मरण शक्तिलाई पनि कमजोर बनाइदिन्छ ।

**एक सजिलो काम**

तपाईंलाई अबसम्म यो थाहा भइसक्यो होला कि सफल भाषण दिनु कुनै मुश्किल काम हैन। यदि हामी साँचो लगनले भाषणलाई सफल रोचक तथा प्रभावशाली बनाउने प्रयत्न गर्छौं भने निश्चित रूपमा नै हामी सफल हुनेछौं । तपाईंले पाउनु हुनेछ कि भाषण दिनु एक कठिन काम नभएर आनन्ददायी काम हो तर यसको लागि तपाईले सिकाइएको हर टेक्निक अपनाउनु पर्ने छ। हामी मध्ये कुनै पनि यक्ता बेकारको भाषण दिन चाहँदैन तर कैयौं पटक अभ्यास तथा सही ज्ञानको अभावमा हामी सफल एवं प्रभावशाली भाषण दिनमा असमर्थ हुन्छौं। मैले देखेको छु कि धेरै वक्ता उचित विषय रोज्छन्, विचार पनि सही ढंगले प्रस्तुत गर्छन्, तर भाषणमा नीरस आंकडा सामेल गरेर विषयमा रूखोपन ल्याइदिन्छन् । रूखो ढंगले प्रस्तुत गरिएको आंकडालाई कसैले पनि मनपराउँदैन । यदि तपाई आकडा दिनै चाहनु हुन्छ भने बिल्कुलै सही संख्या बताउनु पर्ने जरूरी छैन। यदि कुनै वक्ताले यसो भन्छ कि हाम्रा स्वयं सेवकले देशभरमा एघार लाख उनान्सय हजार नौ सय बाइ पुरूष तथा आठ लाख उन्नचालीस हजार तीन सय छब्बीस महिलालाई पढ्न लेख्न सिकाए, तब श्रोता वर्ग दिक्दार हुनेछ, तर यही आंकडालाई यदि राम्रो ढंगले प्रस्तुत गर्ने हो भने भाषणमा रोचकता आउने छ । क्रमश:.....

## प्रेरक भनाईंहरू

१. शरिर हुन्जेल खर्च गर्न नसक्ने, मरेपछि लान नसक्ने धनको मोह राख्नु व्यर्थ हो ।
२. मुटुको बजन त प्राय सबैको उस्ता उस्तै हो कसैले खुम्चाएर तिल जत्रो बनाउँछन् कोहिले फुकाएर पहाड जत्रो ।
३. सिक्न चाहनेलाई फेसबुकमा आएको पोस्टले नि हजार बात सिकाइदिन्छ तर जो आफुमा निपुर्ण ठान्छ उसलाई कसैले सिकाउन सक्दैन ।
४. भन्नलाई भनिन्छ पुरूषको पन्जामा चेपिन्छन् नारी तर तितो यथार्थ यो पनि हो नारी बाटै हेपिन्छन् नारी ।
५. संसारमा गल्ती गर्ने मान्छे नै हुन्छन् तर त्यहि गल्तिबाट जसले सिक्छ त्यो नै महान मान्छे बन्छ ।
६. कहिलेकाहीँ आफुले एकपाइला पछाडि सारेर जगतको भलो हुन्छ भने हाँसी हाँसी सारी दिनु ।
७. हारेर जित्नुको मजा छुट्टै हुन्छ ।
८. मान्छे परिपक्क हुन कसैको प्रभावले होइन अभावले हुँदो र हेछ ।
९. हरेक कुरामा कोशिस गरिरहनु सफलता एउटै कुरामा मिले काफि छ ।
१०. पहिले खुसी ऐना अगाडिको मान्छेलाई राख्नु, दोस्रो खुसी परिवारलाई, अनि त्यस पछि समाजलाई ।




## खानपिन र जीवनशैली

# पिसाब गरेपछि फेरि थोपा चुहिन्छ ? युवामा पनि देखिन सक्छ यस्तो समस्या



काठमाडौं । पिसाब गरिसकेपछि शौचालयबाट बाहिरिएको केही सेकेन्ड वा मिनेटमै फेरि पिसाबका केही थोपा चुहिने समस्या धेरै पुरूषमा देखिन्छ । यसलाई पोस्ट(मिक्टुरेसन ड्रिब्लिङ (पीएमडी) भनिन्छ । सामान्यजस्तो लाग्ने यो समस्याले कतिपय अवस्थामा दैनिक जीवन, आत्मविश्वास र मानसिक स्वास्थ्यमा समेत असर पार्न सक्छ ।

धेरै पुरूषले यस्तो समस्या उमेर बढ्दै गएपछि मात्र देखिने ठान्छन् । तर विशेषज्ञका अनुसार पीएमडी युवावस्थामा पनि हुन सक्छ । यसको प्रमुख कारणमध्ये पेल्भिक फ्लोरका मांसपेशी कमजोर हुनु, मूत्रमार्गमा केही पिसाब बाँकी रहनु र पिसाब गर्ने गलत बानी प्रमुख हुन् ।

पिसाब गरिसकेपछि मूत्रमार्गमा थोरै पिसाब बाँकी रहन्छ । शौचालयबाट बाहिरिएपछि हिँडडुल गर्दा त्यही पिसाब थोपा(थोपा चुहिन सक्छ । कतिपय अवस्थामा अन्डरवेयरसमेत भिज्ने भएकाले प्रभावित व्यक्तिमा लाज र असहजता उत्पन्न हुन सक्छ ।

**पेल्भिक फ्लोरको भूमिका**

पेल्भिक फ्लोर पेटको तल्लो भागमा रहेको मांसपेशी, तन्तु र लिगामेन्टको संरचना हो । यसले मूत्राशय, मूत्रमार्ग, आन्द्रा तथा पुरूषमा प्रोस्टेटलाई सहारा दिन्छ । पिसाब नियन्त्रणमा पनि यसको महत्वपूर्ण भूमिका हुन्छ ।

पेल्भिक फ्लोरका मांसपेशी कमजोर हुँदा मूत्रमार्गमा बाँकी रहेको पिसाब बाहिर निकाल्न कठिन हुन सक्छ । त्यसपछि शौचालयबाट निस्किएपछि केही थोपा चुहिन सक्छ । पीएमडी हुँदैमा प्रोस्टेटमा समस्या छ भन्ने हुँदैन । प्रोस्टेट बढ्नु कतिपय अवस्थामा कारण बन्न सक्छ, तर युवामा देखिने पीएमडी प्राय: मांसपेशीको कार्यसँग सम्बन्धित हुन सक्छ ।

व्यायामबाट सुधार सम्भव

पीएमडी व्यवस्थापनमा पेल्भिक फ्लोर व्यायाम उपयोगी हुन सक्छ । कीगल व्यायामले सम्बन्धित मांसपेशी बलियो बनाउन सहयोग गर्छ । तर व्यायाम गर्दा सही मांसपेशी पहिचान गरी उचित प्रविधि अपनाउनु महत्वपूर्ण हुन्छ । पेट, नितम्ब वा तिघ्राका मांसपेशी अत्यधिक कस्ने तथा सास रोक्ने जस्ता गल्ती गर्नु हुँदैन ।

पिसाब गरिसकेपछि अण्डकोषको पछाडिबाट अगाडितर्फ हल्का दबाब दिई मूत्रमार्गमा बाँकी पिसाब बाहिर निकाल्ने प्रविधिलाई युरेथ्रल मिल्किङ भनिन्छ । यो पनि केही व्यक्तिमा उपयोगी हुन सक्छ ।

**कहिले चिकित्सककहाँ जाने ?**


पिसाब चुहिनेसँगै जलन वा दुखाइ, कमजोर धार, पिसाब गर्न जोर लगाउनुपर्ने, बारम्बार पिसाब लाग्ने, पिसाबमा रगत देखिने, पेल्भिक क्षेत्रमा दुखाइ वा पटक(पटक मूत्र संक्रमण हुने समस्या देखिए चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

आवश्यकताअनुसार चिकित्सकले पिसाब परीक्षण, युरोफ्लोमेट्री वा अन्य परीक्षण गर्न सक्छन् । अन्य रोग वा संक्रमणको कारण नभए पीएमडीमा औषधि नै आवश्यक पर्नुपर्ने अवस्था नहुन सक्छ ।

पीएमडी सामान्यतया गम्भीर रोग नहुन सक्छ, तर यसले मानसिक तनाव र आत्मविश्वासमा कमी ल्याउन सक्छ । त्यसैले लाज मानेर समस्या लुकाउनुको सट्टा सही व्यायाम, आवश्यक प्रविधि र चिकित्सकीय परामर्शमार्फत व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

## मनोरञ्जन

# कार्की साइँलामा भरियाको भूमिकामा जितु नेपाल



दमक/ कलाकार जितु नेपाल शीर्ष भूमिकामा रहेको फिल्म 'कार्की साइँला'को ट्रेलर सार्वजनिक भएको छ । ट्रेलरमा जितुलाई भरिया 'कार्की साइँला'को भूमिकामा उतारिएको छ । उनी अधबैंशे ग्रामिण पुरूषको भूमिकामा देखिएका छन् । भारी बोक्ने क्रममा भेटिएकी युवती नायिका प्रियना आचार्यसँग उनको प्रेम बसेको र विवाह भएको देखाइएको छ । यो फिल्मको कथा भारियाको जीवन र सन्तानको मोहबारे रहेको ट्रेलरले संकेत गर्छ । फिल्मको निर्देशक राजेन्द्र बस्नेत हुन् । डम्बर राईको कथामा बनेको यस फिल्मको पटकथा एवं संवाद शंकर धिताल र सबिन अधिकारीले तयार पारेका हुन् ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
भदौ २५ गते
बिहीबार
10 Sept. 2026
तिथि: चर्तुदशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | कार्यमा बाधा । सन्तानसँग विवाद । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मातामा समस्या । खर्च बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | हिम्मत बढ्ने । पढाईमा रूचि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | खर्च बढ्ने । बोलीले काममा बाधा । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आम्दानी बढ्ने । आफन्तबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पारिवारिक समस्या । खर्च बढ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | पारिवारिक जमघट । व्यवसायबाट लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | कूलको उद्दार गर्ने दिन । व्यापारबाट धनलाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | धर्ममा रूचि । सरकार पक्षको भय । |
| मकर | भो जा जी खि खू खे खो गा गी | लेनदेनमा समस्या । शारीरिक कष्ट । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यापारबाट लाभ । सामान्य गृहकलह । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कारोबारमा सफलता । खुट्टामा समस्या । |

# कवि दहालको कृति ‘प्रतिभा र सिर्जना’ लोकार्पण



दमक । साहित्य कला सङ्गम दमक, झापाले कवि तथा साहित्यकार गोपालप्रसाद दहालको कृति ‘प्रतिभा र सिर्जना' लोकार्पण गरेको छ । मोतीराम भट्टको १६१औँ जन्मजयन्तीको अवसर पारेर आयोजित कार्यक्रममा भारतको सिलिगुडी निवासी वरिष्ठ साहित्यकार युवराज काफ्लेको प्रमुख आतिथ्यमा कृति लोकार्पण गरिएको हो ।

साहित्य कला सङ्गमका आजीवन सदस्यसमेत रहेका दहालको कृति लोकार्पण कार्यक्रममा संस्थाका अध्यक्ष बिन्दु दहाल ‘मूकदर्शक'ले अध्यक्षता गरेकी थिइन् भने दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष डा. गोपालप्रसाद भण्डारीको विशिष्ट आतिथ्यता रहेको थियो । कृतिमाथि साहित्यकार जीवनहरि शर्मा र लीलाप्रसाद अधिकारीले समीक्षात्मक टिप्पणी गरेका थिए ।

कार्यक्रममा मोतीराम भट्टको साहित्यिक योगदानबारे दमक प्रज्ञा प्रतिष्ठानका पूर्वअध्यक्ष हेमनाथ अधिकारीले चर्चा गरेका थिए । सोही अवसरमा मोतीरामसम्बन्धी गजल तथा रचना प्रस्तुत गर्दै उनको जन्मजयन्तीसमेत मनाइएको थियो ।

कार्यक्रममा झापा, मोरङ, सुनसरी, इलाम र तेह्रथुमलगायत जिल्लाबाट करिब एक सय साहित्यकारको सहभागिता रहेको थियो । कवि तथा साहित्यकारहरू हरि पराजुली, डा. खगेन्द्रप्रसाद दहाल, दुर्गाप्रसाद सिग्देल, देवीचरण भण्डारी, विवेक दुलाल क्षेत्री, दिल भुटानी तथा सिलिगुडी निवासी साहित्यकार गोपाल भट्टराईलगायतले रचना वाचन गरेका थिए ।

कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका पूर्वअध्यक्ष हेमनाथ अधिकारी, प्रतिभा निकेतनका संस्थापक अध्यक्ष खेमलाल पोख्रेल, मिक्लाचोङ साहित्य समाजका अध्यक्ष इन्द्र घिमिरे, नेपाली साहित्य समाज उर्लाबारीका अध्यक्ष यज्ञ परिश्रमी, नवनासो प्रतिष्ठान धरमपुरका अध्यक्ष दिलीप घिमिरे, बेलबारी साहित्य प्रतिष्ठानका अध्यक्ष रमेश निरौला, ऊर्जाशील साहित्य कला प्रतिष्ठान चारपानेका अध्यक्ष डीपी शर्मा, बुद्धयौली साहित्य समाजका अध्यक्ष हरिप्रसाद रिमाल, साहित्य कला प्रतिष्ठान बिर्तामोडकी अध्यक्ष भगवती ढुङ्गेल र सताक्षीधाम साहित्य सङ्गम दुधेका अध्यक्ष उमानाथ दाहाललगायत साहित्यकार तथा स्रष्टाहरूको उपस्थिति थियो ।

संस्थाका उपाध्यक्ष यादवप्रसाद अधिकारी ‘झाँक्रीखोले'ले स्वागत मन्तव्य राखेको कार्यक्रममा सुरसुधा सङ्गीत विद्यालयका तर्फबाट संस्थाकी उपाध्यक्ष चन्द्रा गडतौलाको समूहले स्वागत गीत तथा सांगीतिक प्रस्तुति दिएको थियो । कार्यक्रमको सञ्चालन साहित्य कला सङ्गमका महासचिव ओमप्रसाद खनालले गरेका थिए ।

# हर्मुजमा इरान-अमेरिका तनाव चर्कियो

**एजेन्सी/** इरान र अमेरिकाबीचको सैन्य तनाव थप चर्किएको छ । अमेरिकी सेनाले पाँचवटा इरानी तेल ट्याांकर नष्ट गरेको घटनापछि इरानले हर्मुज जलघाँटीमा अमेरिकी जहाजसहित तेल ट्यांकरलाई लक्षित गरेको जनाएको छ ।

इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स ( आईआरजीसी) ले हर्मुज जलघाँटी पार गर्न खोजिरहेका दुई अमेरिकी जहाज र आठ तेल ट्यांकरसहित १० वटा जहाजमाथि कारबाही गरेको दाबी गरेको छ । साथै, कुवेत र बहराइनका बन्दरगाहमा रहेका तेल ट्यांकरलाई समेत चेतावनी दिइएको छ ।

इरानले जोर्डनस्थित अमेरिकी सैन्य अड्डालाई लक्षित गरी ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ । जोर्डनले भने इरानबाट प्रहार गरिएका २० मध्ये १८ क्षेप्यास्त्र आफ्नो वायु प्रतिरक्षा प्रणालीले खसालेको र कुनै अमेरिकी सैनिक हताहत नभएको जनाएको छ ।

यसअघि अमेरिकी सेन्ट्रल कमान्डले इरानी तेल ट्यांकरबाट अमेरिकी युद्धपोततर्फ ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार भएपछि जवाफी कारबाहीस्वरूप पाँच इरानी तेल ट्यांकर नष्ट गरिएको जनाएको थियो ।

बढ्दो तनावको प्रत्यक्ष असर अन्तर्राष्ट्रिय तेल बजारमा परेको छ । बुधबार ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरनजिक पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियटको मूल्य ९४ डलरभन्दा माथि पुगेको छ । हर्मुज जलघाँटीमा जहाज आवागमनसमेत सामान्य अवस्थाभन्दा निकै घटेको तथ्यांक सार्वजनिक भएको छ ।

हर्मुज जलघाँटी विश्वको महत्वपूर्ण ऊर्जा आपूर्ति मार्ग भएकाले त्यहाँ लामो समयसम्म अवरोध भए विश्वव्यापी तेल आपूर्ति र मूल्यमा थप दबाब पर्न सक्ने चिन्ता बढेको छ ।

# अस्थायी बसोबासका लागि सर्वेक्षण सुरु




**दमक/** रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित भइ अहिले विभिन्न जिल्लाका होल्डिङ सेन्टरमा बसिरहेकालाई इच्छा बमोजिम अस्थायी बसोबासका व्यवस्थाका लागि सरकारले सर्वेक्षण सुरू गरेको छ ।

सघन सहरी तथा भवन निर्माण आयोजना धादिङका प्रमुख इन्जिनियर ससिन्द्र घिमिरेका अनुसार आपतकालीन अवस्थामा बाढी प्रभावितका लागि होल्डिङ सेन्टर सञ्चालन गरिएको थियो । उनले भने- ‘अब केही हप्ताभित्रै प्रत्येक परिवारलाई छुट्टाछुट्टै अस्थायी बसोबास व्यवस्था गर्न सर्वेक्षण सुरू भइसकेको छ । पूर्वाधार विकास मन्त्रालयअन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले गत मंगलबारदेखि प्रभावित जिल्लाहरूमा टोली खटाएर ‘कोबो टुलबक्स' प्रयोग गरी आवश्यकता मुल्यान फारम' मार्फत सर्वेक्षण गरिरहेको छ ।'

यसबाट प्रभावित व्यक्ति तथा परिवारको विवरणका साथै घरको क्षतिको अवस्था (पूर्ण वा आंशिक), परिवारका दिवंगत वा बेपत्ता सदस्यको संख्या, सरकारी सहयोगमा अस्थायी आश्रय वा भाडामा बस्ने उहाँहरूको रूचि, जग्गाको उपलब्धता, स्थानान्तरणको उत्तम विकल्प, खानेपानी, सरसफाइको प्रबन्ध र अन्य थप आवश्यकताहरूबारे जानकारी तत्काल प्राप्त हुने उनको भनाइ छ ।

हाललाई यस सर्वेक्षणले होल्डिङ सेन्टरमा रहेका प्रत्येक घरपरिवारको आवश्यकता पहिचान गर्दै सरकारलाई आफ्नो योजना कार्यान्वयन गर्न सहयोग गर्ने छ ।

***जलवायु*.....**उच्चस्तरीय प्रतिनिधिमण्डल संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन जाँदैछ,' उनले भने, 'यो महासभा हाम्रा लागि केवल एउटा नियमित कूटनीतिक उपस्थिति मात्र बन्नु हुँदैन । यो त विश्व समुदायलाई हाम्रा हिमालहरूमा अहिले के भइरहेको छ भनेर सत्यको ऐना देखाउने ऐतिहासिक र निर्णायक मञ्च बन्नुपर्छ ।'

सभापति लामिछानेका अनुसार संसारका कैयौं राष्ट्रहरु र त्यहाँको राजनीतिक नेतृत्वलाई नेपालका हिमालमा पग्लिरहेको हिउँले कसरी समग्र मानव सभ्यतालाई नै प्रलयतर्फ धकेलिरहेको छ भन्ने यथार्थको गहिराइ अझै थाहा नहुन सक्छ । उनीहरूले हिमालको आँसुलाई नजिकबाट नियाल्ने मौका नपाएका हुन सक्छन् ।

यस्तो बेलामा महासभा मात्र होइन, राज्यसँग उपलब्ध सम्पूर्ण द्विपक्षीय र बहुपक्षीय मञ्चहरूलाई नेपालले जलवायु संकट, प्रकृतिको दोहन र त्यसले ल्याएको अकल्पनीय प्रकोपको यथार्थ स्थापित गर्ने सशक्त थलोका रूपमा प्रयोग गर्नैपर्ने उनको भनाइ छ । रविले गत भदौ १० गते बुधबार भोटेकोशीमा आएको बाढीबारेमा सम्बोधनका क्रममा पीडितहरूको पीडामा नुनचुक छर्किनहरूप्रति खबरदारी गरे ।

रविले सम्बोधनका क्रममा भोटेकोशीमा बाढी नभई जलवायु परिवर्तनबाट उत्पन्न ठूलो अन्याय भएको बताए । उनले भोटेकोशीमा मारिएकाहरूले जलवायु परिवर्तनको अन्यायपूर्ण बलिदानी गर्न बाध्य भएको पनि बताए । उनले यति ठूलो संकट र क्षति व्यहोर्दा पनि प्रभावित क्षेत्रका नागरिकले एकअर्कालाई समातेर उठ्न खोजिरहेको पनि बताएका छन् ।

## इलाममा वडाध्यक्षको पद खारेज

**इलाम/** इलामको माईजोगमाई गाउँपालिका-३ का वडाध्यक्ष राम घिमिरेको पद खारेज भएको छ । नेपाली कांग्रेसबाट टिकट लिएर वडाध्यक्षमा निर्वाचित घिमिरे २०८२ फागुन २३ को निर्वाचनका समयमा एमाले प्रवेश गरेका थिए ।

कांग्रेस केन्द्रीय समितिको उजुरीका आधारमा निर्वाचन आयोगले उनको पद खारेज गरेको हो ।

राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ३२(१) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २२ बमोजिम दल त्याग गरेको ब्यहोरा दलको केन्द्रीय समितिले आयोगलाई निर्णय गरी बुझाउनुपर्ने व्यवस्था अनुसार कांग्रेस केन्द्रीय समितिले आयोगमा बुझाएको निर्णयानुसार निर्वाचन आयोगले घिमिरेको पद खारेज गरेको हो ।

माईजोगमाईमा वडा नं. ३ र २ को वडाध्यक्ष नेपाली कांग्रेसले जितेको थियो ।

***गाँजा*.....***रोकेको थियो ।* जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रवक्ता डीएसपी हेमन्त भण्डारी क्षेत्रीका अनुसार ट्रक चेकजाँच गर्ने क्रममा चालक हाम्फालेर फरार भएका जानकारी दिए । नियन्त्रणमा लिएको ट्रक र गाँजा जिल्ला प्रहरी कार्यालय धनकुटामा राखिएको र फरार ट्रक चालकको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# सार्वजनिक पदाधिकारीको उपहार सरकारका नाममा राख्न आदेश

**दमक**/सर्वोच्च अदालतले अहिलेसम्म नेपालका सार्वजनिक पदाधिकारीहरूले शिष्टाचारको रुपमा पाएको सबै उपहारहरूको एकमुष्ट विवरण तयारी गरी सार्वजनिक गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ ।

सार्वजनिक पदाधिकारीहरूले विभिन्न भेट तथा विदेश यात्राका बेला प्राप्त गरेको उपहारहरू सरकारीकरण हुनुपर्ने माग राखी दायर भएको रिट निवेदनमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले सबै सार्वजनिक पदाधिकारीहरूले पाएको उपहारको एकमुष्ट विवरण तयार गर्न र वेवसाइट वा अरु माध्यमबाट सार्वजनिक गर्न आदेश दिएको हो ।

संसदीय स्वतन्त्रता भन्दै कानून बनाउन निर्देशनात्मक आदेश जारी गर्न अस्वीकार गरेको सर्वोच्च अदालतले सार्वजनिक पदाधिकारीहरूले प्राप्त गरेको उपहारको विवरण निश्चित अवधिमा नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउन निर्देशनात्मक आदेश दिएको हो ।

न्यायाधीशहरू डा. मनोज शर्मा र नृपध्वज निरौलाको इजलासले उपहारको विवरण सम्बन्धित निकायमा पेश नगर्ने पदाधिकारीहरूलाई कानूनी दायित्व निर्धारण गर्न पनि निर्देशनात्मक आदेश दिएको छ ।

***पाँचथर*....***रोकथामको प्रयास गरेको छ ।*

*गत वर्ष पाँचथर र तेह्रथुमका प्रमुख जिल्ला अधिकारी तथा स्थानीय तहका जनप्रतिनिधिको टोलीले स्थलगत अध्ययन गरी मध्यपहाडी राजमार्ग आयोजना र संघीय सरकारलाई पत्राचार गरेको थियो । त्यसको हालसम्म प्रतिक्रिया नआएको उनले बताए । पुलको मर्मत तथा संरक्षणको जिम्मेवारी संघीय सरकार र मध्यपहाडी राजमार्ग आयोजनाको हो ।*

*मेची राजमार्ग र तमोर कोरिडोरका विभिन्न स्थान बर्खायाममा बाढीपहिरोका कारण अवरूद्ध हुने गरेकाले पाँचथर-तेह्रथुम जोड्ने यो पुल वैकल्पिक यातायातका लागिसमेत महत्वपूर्ण बनेको छ । दुवै सडक अवरूद्ध हुँदा पाँचथरको फिदिमबाट जोरशाल-चुहानडाँडा-सङ्क्रान्ति, औँसी भन्ज्याङ-म्याङलुङ-वसन्तपुर-भेडेटार हुँदै धरान र त्यसपछि झापा तथा विराटनगरतर्फ जाने सवारीसाधनले यही मार्ग प्रयोग गर्छन् । सामान्य अवस्थामा पनि झापाको बिर्तामोडदेखि पाँचथरको फिदिम हुँदै तेह्रथुमको आठराई र फेदापका बजारमा दैनिक उपभोग्य बस्तु ढुवानी गर्ने मुख्य मार्ग मध्यपहाडी राजमार्ग हो ।*

***वीपी*.....**समानुपातिक सहभागिता गराएको स्मरण गरे । वी.पी. स्मृति प्रतिष्ठानका अध्यक्ष गोविन्द लम्सालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डे, पूर्व उपसभापति राम कट्टेल, सचिव नवीन विमली, क्षेत्रीय सभापतिहरु इन्द्र बुढाथोकी, गणेश पोखरेल, भद्रपुर नगर सभापति राम कडेल, लगायतले आ-आफ्ना धारणा राखेका थिए । अधिबक्ता भरत प्रसाईले वी.पी.को राजनीतिक संघर्षको इतिहास, साहित्य, शिक्षा लगायत क्षेत्रमा गरेको योगदानको चर्चा गरेको कार्यक्रममा स्वागत प्रतिष्ठानका उपाध्यक्ष लता चापागाई कार्की र सञ्चालन सचिव लव पोखरेलले गरेका थिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा




ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

Caritas Nepal
Together for Human Dignity

Publishing Data : 9th Sept 2026

## Expression of Interest (EOI)

**Caritas Nepal** is a non-profit organization and has been working to improve the lives of marginalized communities in Nepal is seeking qualified and experienced consulting firms or individual **“Consultant to Develop Short Videos Highlighting the Success Story of Project Beneficiaries.”**

As part of our mission, we are committed to supporting communities in enhancing their knowledge and skill for safer, dignified and regular labour migration and reintegrate failure returnees and survivals of trafficking with dignity in the community.

We invite interested private firms, individuals, consultants, or organizations to submit their Expressions of Interest (EOI) either via email or as a sealed bid proposal. Please ensure that your submission reaches Caritas Nepal's Damak Jhapa by **18th Sept 2026 by 3pm** via email to **pradip@caritas.org.np**

**For detailed information and the Terms of Reference (ToR), please** contact us at the following telephone numbers or email addresses

Contact no:
9801927128, 9801318332

Email :
pradip@caritas.org.np
himalaya@caritas.org.np

कोटेशन नं ०१।२०८३।०८४

## गोप्य शिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धी जरूरी सूचना

प्रथम पटक पूर्व सन्देश राष्ट्रिय दैनिकमा प्रकाशित १५ दिने सूचना मिति २०८३।०५।२५ गते बिहीबार

यस **सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि. दमक-६ झापा**को सञ्चालक समितिको मिति २०८२।१२।०५ गतेको बैठकको निर्णय र २०८३।०४।१५ र २०८३।०५।२२ गते स्थानिय वडाका जनप्रतिनिधिसहितको प्रतिनिधि र यस संस्थाको सञ्चालकहरुको उपस्थितिले गरेको पञ्चाकृत धितो मूल्यांकनलाई आधार मानी धितो (जग्गा) लिलामको लागि गोप्य शिलबन्धी कोटेशन पेश गर्न सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| ऋणीको नाम थर | धनजमानतको नाम थर | धितोको विवरण: |
|---|---|---|
| **नाम : विरेन्द्रकुमार शेर्मा**<br>**बुबाको नाम : खड्ग बहादुर शेर्मा**<br>**बाजेको नाम : अन्नबहादुर शेर्मा**<br>नागरीकता नं. : ३५/२०५६<br>जारी मिति : २०५७।१०।११ (पाँचथर)<br>ठेगाना : मिक्लाजु-२ पाँचथर<br>हाल : दमक-१, रवि ट्याक्सी स्टेण्ड, झापा | **नाम : पदम कुमारी फियाक**<br>**बुबाको नाम : जहरसिंह फियाक**<br>**बाजेको नाम : चर्तुमान फियाक**<br>नागरीकता नं. : ३४७३<br>जारी मिति : :२०५७/०४/२७ पाँचथर)<br>ठेगाना : कुम्याक गाउँपालिका-२, पाँचथर<br>हाल : दमक-१, रवि ट्याक्सी स्टेण्ड, झापा | धन जमानी पदमकुमारी फियाकको नाममा मालपोत कार्यालय दमकमा दर्ता श्रेष्ता कायम रहेको दमक-१ सिट नं. ०१ कि.न. १२८१४ क्षेत्रफल १६९.२९ ब.मि. उत्त घर जग्गाको न्युनतम मूल्य सुरु अंक रु ४१,०७४०१.६०। ( अक्षेरुपी एकचालिस लाख सात हजार चार सय एक रुपैयाँ ६० पैसा मात्र) हुनेछ । |

| ऋणीको नाम थर | धनजमानतको नाम थर | धितोको विवरण: |
|---|---|---|
| **नाम : धनमाया अधिकारी (गुरागाई)**<br>**बुबाको नाम : पदमलाल अधिकारी**<br>**पतिको नाम : लक्ष्मीप्रसाद गुरागाई**<br>नागरीकता नं. : २४३६/१९६९<br>जारी मिति : २०४६।१२।४ (झापा)<br>ठेगाना : दमक-१४, झापा<br>हाल : दमक-९, सूर्यकिरण टोल, झापा | **नाम : नेत्रप्रसाद रिजाल**<br>**बुबाको नाम : चेतन्य**<br>**पतिको नाम : भिम बहादुर अधिकारी**<br>नागरीकता नं. : ४१११९-२२३३<br>जारी मिति : :२०५१/०१/४ (झापा)<br>ठेगाना : दमक-१३, झापा<br>हाल : दमक-८ झापा | धन जमानी धनमाया अधिकारी गुरागाईको नाममा मालपोत कार्यालय दमक झापामा दर्ता श्रेस्ता कायम रहेका दमक वडा नं. ९, सिट नं.१४, कि.न. ८५८ क्षेत्रफल १३५.४४ ब.मि. र कि.न. ८५९ क्षेत्रफल २०३.१६ जग्गाको न्युनतम शुरु मूल्य रु १५,८३०००। (अक्षेरुपी पन्ध्रलाख त्रियासी हजार मात्र) हुनेछ । |

शर्तहरु
१. बोलपत्र फारम यस सहकारी संस्थाको कार्यालयबाट रु ५००। (फर्ता नहुने गरी) तिरि प्राप्त गर्न सकिने छ ।
२. सुचना प्रकाशित भएको १५ दिन भित्र गोप्य शिलबन्दी पेश गरिसक्नु पर्ने छ ।
३. उक्त सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरि लिने गरी बोलपत्र पेश गर्नुपर्ने छ ।
४. गोप्य शिलबन्दी पेश गरी कबुल गरेको अंकको १० प्रतिशत रकम संस्थाको मार्जिन खातामा जम्मा गर्नुपर्ने छ लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पाएको मितिले ७ दिनभित्र कवुल गरेको सम्पूर्ण रकम संस्थामा नबुझाए धरौटी रकम जफत् हुनेछ ।
५. गोप्य शिलबन्दी पेश गर्दा शर्तरहित केरमेट नभएको कार्यालयले उपलब्ध गराएको कोटेशन बमोजिम हुनेछ ।
६. उक्त लिलाममा राखेको सम्पती नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर अन्य कर तथा शुल्क, सम्पती कर र धारा बिजुली शुल्क (बाँकी बक्यौता समेत) आदि सकार गर्ने व्यक्ती वा पार्टी आफैले तिर्नु पर्ने छ ।
७. कुनै पनि कारण नजनाई कुनै वा सबै शिलबन्दी कोटेशन पूरै वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार समितिमा रहनेछ ।

सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि.
दमक-६, झापा (सम्पर्क नं. ९७६८८१७९११)

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत

कार्यालयः दमक-५, झापा, फोनः ०२३-५८०२७२.
मुद्रणः ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com